# मन्थली नगरपालिका कार्यालय, रामेछाप

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण प्रतिवेदन

२०७३

# लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी लेखाजोखा विधि

## पृष्ठभुमी

**मन्थली** नगरपालिकाले आ. व. २०७२/७३ मा लिइएका नीति तथा कार्यक्रम एवं संचालित गतिविधिबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा पुगेको योगदानको मुल्याकन गर्ने र आगामी दिनमा अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रम एवं संचालन गर्नुपर्ने गतिविधिको आवश्यकता पहिचान गर्ने कार्यमा सघाउ पुर्‍याउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) गर्ने कार्य स्थानिय निकाय लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी बजेट तर्जुमा एंव परीक्षण निर्देशिका २०६८ को परिच्छेद ४ मा निर्धारित विधि अनुसार सम्पन्न गरियो ।

## परीक्षणको उद्देश्य

**मन्थली** नगरपालिका र यसका साझेदार संस्थाहरुको नीति तथा कार्यक्रमहरुमा लैङ्गिक मुलप्रवाहिकरण तथा सामाजिक समावेशीकरण गरी समतामुलक विकास एंव प्रवर्द्धनलाई संस्थागत गर्नु यस परीक्षणको मुख्य उद्देश्य रहेको छ ।

## परीक्षण विधि

१) न.पा.का निति तथा कार्यक्रमहरुसँग सम्बन्धित दस्तावेजहरुको अध्ययन ।

२) अन्तरकिया तथा छलफल ।

३) स्थानिय निकाय लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी बजेट तर्जुमा एंव परीक्षण निर्देशिका २०६८ को तालिका १ वमोजिम भएका फारामहरुको अध्ययन तथा औषत अंक मापन ।

४) निर्देशिकामा उल्लेखित ३ चरणको अवलम्बन ।

# लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण

# (Gender Responsive and Social inclusive Audit )

नोटः ० = शुन्य, ०.५ = ठिक्कै, १ = राम्रो,

| क .स. | सूचक र उप सुचक हरु | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | १२ | ६.५ |
| १.१ | **स्थानीय निकायको नीति र योजनामा लैङ्गिक तथा सामाजिक समावेशी विकास ( आवधिक र वार्षिक योजनामा)** | ४ | ३.५ |
| क | स्थानीय निकायको नीतिमा महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ /छैन ? | ०–१ | १ |
| ख | स्थानीय निकायको उद्देश्यले महिला र पुरुषबीच समानता तथा सामाजिक समावेशीकरणका कुराहरुलाई समेटेको छ /छैन ? | ०–१ | १ |
| ग | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित कार्यनीति छ /छैन ? | ०–१ | ०.५ |
| घ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि संस्थाको निश्चित रणनीति छ /छैन ? | ०–१ | १ |
| १.२ | **महिला पुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | ४ | २ |
| क | स्थानीय निकायका पदाधिकारी र कर्मचारीको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग र समुदायका बिच सामाजिक समावेशीकरण हुने गरी कर्मचारी र पदाधिकारीको प्रतिनिधित्व हुनसक्ने रणनीति लिइएको छ /छैन ? | ०–१ | १ |
| ख | स्थानीय निकायमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ /छैन (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति) | ०–१ | ० |
| ग | स्थानीय निकायको निर्णायक तहमा (कर्मचारी/पदाधिकारी) महिलाहरुको समान ( ५० र ५०) प्रतिनिधित्व रहेको छ /छैन | ०–१ | ०.५ |
| घ | महिला तथा पुरुष कर्मचारीहरुको संख्यामा समानता छ /छैन । (स्थानीय निकायले नियुक्ति गर्नेको हकमा मात्र लागु हुने ) | ०–१ | ०.५ |
| १.३ | **लैङ्गिक संवेदनशील कार्य प्रणाली** | ४ | १ |
| क | महिला कर्मचारीहरुको गर्भावस्था र बच्चालाई स्तनगरपालिकानसम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ /छैन (गर्भवती महिलालाई जोखिमयुक्त , खतरायुक्त काममा लगाउन नगरपालिकाइने ) | ०–१ | ०.५ |
| ख | महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था छ /छैन | ०–१ | ० |
| ग | कार्यालयमा हुन सक्ने महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ /छैन | ०–१ | ० |
| घ | महिला माथी हिंसा भएमा तत्काल सुनुवाइ को व्यवस्था छ /छैन | ०–१ | ०.५ |
| २. | **स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण** | १२ | ५ |
| २.१ | **लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास बजेट** | ४ | १.५ |
| क | स्थानीय निकायका पदाधिकारी/कर्मचारीहरुले लैङ्गिक तथा समावेशी विकास सम्बन्धी तालिम लिएका छन् वा छैनन् | ०–१ | ०.५ |
| ख | तालिम/अनुशिक्षण/गोष्ठी संचालन गर्न गत वर्ष पर्याप्त रकमको व्यवस्था थियो वा थिएन | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| | (पर्याप्त रकम भन्नाले सवै पदाधिकारी/कर्मचारी देखि गा.वि.स.का सचिव र सामाजिक परिचालकहरुसम्मलाई तालिम दिन आवश्यक पर्ने रकम) | | |
| ग | त्यो तालिममा महिला र पुरुषको समान सहभागिताको सुनिश्चितता गरेको थियो वा थिएन | ०–१ | ० |
| घ | तालिमका विषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ ? | ०–१ | ०.५ |
| २.२ | क्षमता विकास **कार्यक्रममा महिला पुरुष सहभागिता** | ४ | ३ |
| क | उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाहरुको सहभागिता छ ? | ०–१ | १ |
| ख | उपभोक्ता समितिका महिला तथा लक्षित समुहका पदाधिकारीहरुलाई तालिमको व्यवस्था छ ? | ०–१ | १ |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने प्रकृयामा महिला र पुरुष सरोकारवालाहरुलाई समान रुपमा सहभागी गराईन्छ ? | ०–१ | ०.५ |
| घ | महिला तथा लक्षित समुहका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राबिधिक तालिमहरु, क्षमता विकास तालिम, भ्रमण) छन् ? सो अनुसारको वजेट विनियोजन गरिएको छ ? | ०–१ | ०.५ |
| २.३ | **स्थानीय निकायको क्षमता विकास कार्ययोजना** | ४ | ०.५ |
| क. | स्थानीय निकायको क्षमता विकास कार्ययोजना तयार गरेको छ ? | ०–१ | ० |
| ख. | के स्थानीय निकायको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरुको क्षमता विकासको व्यवस्था गरेको छ ? | ०–१ | ० |
| ग. | के स्थानीय निकायका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| घ | उक्त परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजनाका लागि पर्याप्त बजेटका व्यवस्था गरेको छ? | ०–१ | ० |
| लक्षित कार्यक्रम | ३: | १२ | ७.५ |
| ३.१ | **कार्यक्रम तर्जुमा गर्दा लक्षित समूहको सहभागिता :** | ४ | ३.५ |
| क | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? (महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायतनेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायका महिला र पुरुष) | ०–१ | १ |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरुसंग बसेर समस्या केलाउने (विश्लेषण गर्ने गरिन्छ ? विपन्ता स्तरीकरण भएको छ ? (दुवै भए (१) र एक मात्र भएमा (०.५) चिन्ह दिने । ) | ०–१ | ०.५ |
| ग | के स्थानीय निकायको योजना लक्षित समूहहरुले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ? | ०–१ | ०.५ |
| घ | के स्थानीय निकायको योजनामा लक्षित समूहहरुको लागि छुट्टयाएको न्यूनतम बजेट ( १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका, १५ प्रतिशत सामाजिक बञ्चितिकरणमा परेको वर्ग) विनियोजन गरी उनीहरुको | ०–१ | १ |

| | | | |
|---|---|---|---|
| | हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ ? | | |
| ३.२ | **महिला उत्थानका लागि कार्यक्रमहरु** | ४ | १ |
| क | महिलाहरुको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तो:सुत्केरी हुँदाको अवस्था सुधार गर्न, किशोरीहरुको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरु राख्ने) | ०–१ | ० |
| ख | महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तो: अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा, आदि ) | ०–१ | ० |
| ग | महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालित भएका छन् ? (जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | ०.५ |
| घ | महिलाहरुको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालिनबाट लाभान्वित भएको छन् ? (जस्तो: कानूनी हक अधिकार, एकल महिला, पारालिगल समिति गठन र चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रममा छाउपडी प्रथा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) | ०–१ | ०.५ |
| ३.३ | **स्थानीय स्वायत्त शासन ऐनमा भएका प्रावधान अनुसारका कार्यक्रमहरु** | ४ | ३ |
| क | स्थानीय निकायको योजना तर्जुमा गर्दा लक्षित समुहहरुको सक्रिय सहभागितामा तय गर्ने गरेको छ | ०–१ | १ |
| ख | स्थानीय निकायको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभ हुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने गरिएको छ ? | ०–१ | ०.५ |
| ग | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण , जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ ? | ०–१ | ०.५ |
| घ | स्थानीय निकायको योजना कार्यान्वयनबाट लक्षित समुहहरु लाभान्वित भएका छन ? | ०–१ | १ |
| ४ | **लैङ्गिक तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन** | १२ | ६ |
| ४.१ | **योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | १.५ |
| क. | के स्थानीय निकायले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? के स्थानीय निकायले खण्डीकृत तथ्यांङ्को समय समयमा अध्यावधिक गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ख. | के योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरु को छुट्टा छुट्टै अवस्था विश्लेषण र अवश्यकता पहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ? | ०–१ | ० |
| ग. | के स्थानीय निकायले योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने गरिन्छ ? | ०–१ | ०.५ |
| घ. | के गत वर्षको वार्षिक योजना अनुसार लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलापहरु सम्पन्न भए ? | ०–१ | ०.५ |
| ४.२ | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | ४ | ३ |

| | | | |
|---|---|---|---|
| क. | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित समुदायका महिला तथा पुरुष वर्गहरुको सक्रिय सहभागितमा गर्ने गरिएको छ ? | ०–१ | १ |
| ख. | के कार्यक्रम तथा परियोजना कार्यान्वयन बाट सम्वन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०–१ | ०.५ |
| ग. | उपभोक्ता समितिलेगर्ने कार्यहरुमा महिला तथा लक्षित समुहको सहभागिता छ ? साथै उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी रहेको छ ? लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरुको समेत प्रतिनिधित्व रहेको छ ? | ०–१ | १ |
| घ. | के स्थानीय निकायले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ४.३ | **अनुगमन र मूल्याङ्कन** | ४ | १.५ |
| क | के स्थानीय निकायको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता के कम्तीमा ३३ प्रतिशत छ ? | ०–१ | ०.५ |
| ख | के स्थानीय निकायमा अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक विकासका कार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०–१ | ०.५ |
| ग | के स्थानीय निकायमा लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | ०–१ | ० |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ०.५ |
| ५ | **आन्तरिक संरचना** | १२ | ५.५ |
| ५.१ | **स्थानीय निकायमा महिला तथा लक्षित समुहको सहभागिता** | ४ | २ |
| क | आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | १ |
| ख | दलित वर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | ०.५ |
| ग | आदिवासी जनजाति र दलित वर्ग उत्थानका विकासको लागि गठन भएको समितिको पदाधिकारीहरु, लक्षित समुहहरुको कार्यक्रम तजुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ० |
| घ | के जिल्लामा महिला समन्वय समिति गठन भई जिल्लामा महिलाहरुको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | ०.५ |
| ५.२ | **वित्त तथा लेखा व्यवस्थापन** | ४ | १.५ |
| क | महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०–१ | ० |
| ख | आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरुको विकासको लागि वजेटको व्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०–१ | ० |
| घ | कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०–१ | १ |
| ५.३ | **स्थानीय निकायमा गठित समिति** | ४ | २ |
| क | के जिविस अन्तर्गत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| ख | जिल्ला स्रोत अनुमान समिति, गाउँ विकास समिति, एकीकृत योजना तर्जुमा समिति, नगरपालिका एकीकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्चहरुमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०–१ | ०.५ |
| ग | महिला समन्वय समिति, आदिवासी जनजाति जिल्ला समन्वय समिति, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, बाल क्लब पिछडा वर्ग जिल्ला समन्वय समितिको गठन गरी स्थानीय निकायको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०–१ | ०.५ |
| घ | स्थानीय निकायको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरुबाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | ०–१ | ०.५ |
| ६ | **सुशासन** | १२ | ८ |
| ६.१ | **पारदर्शिता/ जफावदेहिता** | ४ | २.५ |
| क | के स्थानीय निकायले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०–१ | ०.५ |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | ०–१ | ०.५ |
| ग | के स्थानीय निकायको समिक्षा बठैकमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेको छ | ०–१ | १ |
| घ | के स्थानीय निकायले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरु छिटो छरिता ढंगबाट दिने गरेको छ ? | ०–१ | ०.५ |
| ६.२ | **सूचना व्यवस्थापन** | ४ | ३ |
| क | के स्थानीय निकायले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि जिल्ला विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ख | के स्थानीय निकायको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०–१ | ०.५ |
| ग | के स्थानीय निकायले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक अध्यावधिक गर्ने गरेका छन् ? | ०–१ | १ |
| घ | के स्थानीय निकायमा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गरिएको छ ? | ०–१ | १ |
| ६.३ | **सूचना शिक्षा र संचार** | ४ | ३ |
| क | के स्थानीय निकायले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०–१ | १ |
| ख | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा वृद्धि भएको छ ? | ०–१ | ०.५ |
| ग | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरु, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरुको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरुको स्थानीय निकायको विकास कार्यहरुमा सहभागिता वृद्धि भएको | ०–१ | ०.५ |


| | | | |
|---|---|---|---|
| | छ ? | | |
| घ | के स्थानीय निकायले स्थानीय पत्रकारहरुद्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ? | ०–१ | १ |
| ७ | **मानव संसाधन, सम्बन्ध विस्तार** | १२ | ३.५ |
| ७.१ | **मानव संसाधन व्यवस्थापन** | ४ | १ |
| क | स्थानीय निकायमा लैङ्गिक तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? | ०–१ | ० |
| ख | स्थानीय निकायमा मानव संसाधन विकास केन्द्र र इकाई छ ? | ०–१ | ०.५ |
| ग | स्थानीय निकायले बैदेशिक रोजगारीमा जाने महिलाहरुको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयवन  गर्ने गरका छन ? | ०–१ | ०.५ |
| घ | श्रोत व्यक्ति (महिला, पुरुष) हरुको सुचीकृत अभिलेख छ ? | ०–१ | ० |
| ७.२ | **संबन्ध विस्तार** | ४ | १.५ |
| क | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र (संजाल) बनेको छ ? | ०–१ | ०.५ |
| ख | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? | ०–१ | ० |
| ग | लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरुलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| घ | स्थानीय निकायका कर्मचारीहरुले आन्तरिक र वाह्रय श्रोत व्यक्तिहरुसंग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् ? | ०–१ | ०.५ |
| ७.३ | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | ४ | १ |
| क | योजना तर्जुमा गर्दा महिलाहरुको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ? | ०–१ | ०.५ |
| ख | ग्रमीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ? | ०–१ | ०.५ |
| ग | लैङ्गिक मूलप्रवाहीकरण लागि जिल्लाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | ०–१ | ० |
| घ | महिलाहरुको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? | ०–१ | ० |
| ८ | **नेपाल सरकारका लैङ्गिक तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | १२ | ३.५ |
| ८.१ | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन** | ४ | १ |
| क | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०–१ | ०.५ |
| ख | सहस्राब्दी विकासका लक्ष्यहरु प्राप्त गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरु समयमै सम्पन्न गरेको छ ? | | ०.५ |
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरुका बारेमा स्थानीय निकायका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? | ०–१ | ० |
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गने गरेको छ ? | ०–१ | ० |
| ८.२ | ***महिला विरुद्व हुने सवै खाले हिंसा निर्मूल पार्ने*** | ४ | २ |
| क | महिला विरुद्व सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ? | ०–१ | ०.५ |

| | | | |
|---|---|---|---|
| ख | लैङ्गिक हिंसा रहित जिल्ला/ नगरपालिका / गाविस घोषणा गरेको छ ? | ०–१ | ० |
| ग | १६ दिने महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु स्थानीय निकायहरुले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरुलाई सम्मान गर्ने कार्यकम मनाउने गरिएको छ ? | ०–१ | ०.५ |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ? | ०–१ | १ |
| ८.३ | **नेपाल सरकारका सामाजिक समावेशीका विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन** | ४ | २ |
| क | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारी महासन्धी १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयैमा सम्पन्न गरेको छ ? | ०–१ | ०.५ |
| ख | के स्थानीय निकायबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती हटाउन कार्यक्रमहरु संचालन गर्ने गरको छ ? | ०–१ | ०.५ |
| ग | के स्थानीय निकायबाट आदिबासी जनजातीहरुको विकासको लागि कार्यक्रमहरु यी वर्गहरुको सहभागितामा संचालन गर्ने गरको छ ? | ०–१ | ०.५ |
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय निकायको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन गरेको छ ? | ०–१ | ०.५ |

## अंक प्राप्त

| क.स. | सूचक र उप सुचक हरु | | प्राप्ताङ्ख अंक | कूल अंक |
|---|---|---|---|---|
| १ | १.१, १.२, १.३ | | ३.५+२+१.० = ६.५ | ६.५ |
| २ | २.१, २.२, २.३ | | १.५+३+०.५ = ५ | ५ |
| ३ | ३.१, ३.२, ३.३ | | ३.५+१+३ = ७.५ | ७.५ |
| ४ | ४.१, ४.२, ४.३ | | १.५+३ +१.५ = ६.० | ६.० |
| ५ | ५.१, ५.२, ५.३ | | २+१.५+२ = ५.५ | ५.५ |
| ६ | ६.१, ६.२, ६.३ | | २.५+३+३ = ८.५ | ८.५ |
| ७ | ७.१, ७.२, ७.३ | | १+१.५+१ = ३.५ | ३.५ |
| ८ | ८.१,८.२, ८.३ | | १+१ +२.० = ४ | ४ |
| | जम्मा | | | ४२.० |

माकुरीजालोको चित्र



नीति
क्षमता
लक्षित कार्यक्रम
तकाअम
संरचना
सुशासन
मानव संसाधन
प्रतिवद्धता
0
1
2
3
4
5
6
7
8
9
कूल अंक

# प्रतिवेदन

## १. सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु

### १.. स्थानीय निकायको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| बार्षिक योजना निरन्तर रुपमा तर्जुमा हुने गरेको | **मन्थली** नगरपालिकाले आगामी दिनमा कर्मचारी पदपूर्ति गर्दा समावेशी अवधारणा अवलम्बन गर्नुपर्ने । नगरपालिको विभिन्न समितिहरुमा पदाधिकारीहरु समावेशी प्रावधान अनुरुपको हुनुपर्ने । |
| महिला हिंसाको सुनुवाई हुने गरेको | **मन्थली** न.पा. मा लैससास कार्यान्वयन समिति यसै बर्षदेखि कृयाशिल गराउनु पर्ने |

### २. स्थानीय निकायको क्षमता विकास योजनामा लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यकमको मूलप्रवाहीकरण

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **मन्थली** न.पा.का सामाजिक विकास शाखाका कर्मचारीहरु तदर्थ किसिमले कार्य सम्पादन गर्दै आइरहेका । | न.पा.का सामाजिक शाखाका कर्मचारीहरुलाई लैससास सम्बन्धि तालिम दिनु पर्ने अपरिहार्यता देखिएको |
| **मन्थली** नगरपालिकाको विभिन्न कार्यक्रमहरु कार्यान्व्यन गर्ने सन्दर्भमा गठन भएका उपभोक्ता समितिहरुमा ३३ प्रतिसत् भन्दा बढी महिलाहरुको सहभागिता हुने गरेको । यसरी गठन भएका उपभोक्ता समितिका कार्यकारी तहका पदाधिकारीहरुलाई योजना कार्यान्वय तथा समग्र ब्यवस्थापन सम्बन्धि तालिम प्रदान गर्ने गरेको । | लैससास अवधारणा सम्बन्धि क्षमता विकासको लागि बजेटको ब्यवस्था हुनु पर्ने । लैससास पदाधिकारीहरु समेत लाभान्वित हुने गरी प्रभावकारी क्षमता विकास कार्ययोजना तयारी भै लागू समेत हुनुपर्ने । लैससास बजेट परिक्षण आव ०७२ ०७३ देखि मात्र सुरुभएकोले यसको निरन्तरता हुनु पर्ने । |
| | |

### ३. लक्षित कार्यक्रम

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **मन्थली** नगरपालिकाले लक्षितबर्गहरुको आधारभूत सूचनाहरु संकलन गरेको । | संकलन गरेको सूचनाहरु खण्डिकृत हुनु पर्ने । सूचनाहरुलाई निश्चित समयावधि भित्र अध्यावधिक गर्नुपर्ने । |
| नगरपालिकाले आफ्नो बार्षिक तथा अन्य कार्यक्रमहरु तर्जुमा गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि २०६८ ले निर्दिष्ट गरेको लक्षित समूहहरुसँग बसेर कार्यक्रम तर्जुमा हुने गरेको । रामेछाप नगरपालिकाका योजनाहरु लक्षित वर्गहरुले तय गरेको योजनाका सुचिहरुबाट समावेश हुने गरेको । | नगरपालिकाले अनुदान बजेटको अतिरिक्त आफ्नो आन्तरिक आयको पूँजिगत बजेटबाट पनि ३५ प्रतिसत् अंकलाई मान्य हुनेगरी बजेट विनियोजन गर्नुपर्ने । **मन्थली** नगरपालिका भित्रका महिलाहरुको स्वास्थ सुधारको लागि Preventive तथा Curetive दुवै खालका कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिनु पर्ने । नगरपालिका भित्रका लक्षित वर्गहरु विशेषगरी महिला तथा गरिव विपन्नहरुको लागि अनौपचारिक तथा कानूनी शिक्षाका कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्नुपर्ने । |
| **मन्थली** नगरपालिकाले नेपाल सरकारको अनुदान विनियोजन गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि २०६८ ले निर्दिष्ट गरेको लक्षित समूहरुको लागि ३५ प्रतिशत अंकलाई मान्य हुनेगरी विनियोजन गर्ने गरेको । | |
| नगरपालिकाका विभिन्न गतिविधिहरुका लक्षित समूहहरुको सकृया सहभागिता हुने गरेको । यस्ता गतिविधिहरु खास गरी लक्षित समूहहरुलाई प्रत्यक्ष लाभ हुने खालका भएको । | **मन्थली** नगरपालिकाको योजनाबाट सतप्रतिसत् लक्षित बर्गहरु लाभान्वित हुने अवस्था शुनिश्चित हुनुपर्ने । |

### ४. लैङ्गिक तथा सामाजिक समावेशी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **मन्थली** नगरपालिकाले आ.व. ०७२/०७३ देखि लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रणाली अवलम्बन गर्ने गरेको । | नगरपालिकाले लक्षित समूहको छुट्टा छुट्टै अवस्था विश्लेषण गरी प्रत्येक लक्षित बर्गका आआफ्नै आवश्यकता र प्राथमिकता पहिचान गर्नुपर्ने । |
| नगरपालिकाको कार्यक्रम कार्यान्वयन गर्दा लक्षित समुदायको महिला तथा पुरुषहरुको सकृय सहभागिता हुने गरेको । | नगरपालिकाको अनुगमन समितिमा ३३ प्रतिसत् महिलाको सहभागिता सुनिश्चित गर्नुपर्ने । कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्दा कार्यक्रमबाट लक्षित वर्गले प्राप्त गरेको लाभ र ती वर्गहरुमा कार्यक्रमले पारेको असर र प्रभावको लेखाजोखा तथा विश्लेषण हुनु पर्ने । अनुगमन तथा मूल्यांकनबाट प्राप्त भएका ठम्याईहरुलाई ( Findings) आगामी कार्यक्रमहरुमा लागु गर्नुपर्ने । |
| उपभोक्ता समितिमा महिला तथा लक्षित बर्गको सहभागिता हुने गरेको । उपभोक्ता समितिको कार्यकारी पदमा कम्तिमा १ जना महिला अनिवार्य रहने गरेको । | |

| | |
|---|---|
| | **मन्थली** नगरपालिको वार्षिक योजनाको कार्यान्वयन पश्चात यी योजना तथा कार्यक्रमरुले लैङ्गिक विकासमा दिएको योगदानको अनुगमन तथा मूल्यांकन हुनुपर्ने । |

५. आन्तरिक संरचना

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| नगरपालिकाको लेखा पद्धति कम्प्यूटराइज्ड प्रणालीबाट हुने गरेको | **मन्थली** नगरपालिकाको कार्यक्रम अनुगमन तथा मूल्यांकनमा लक्षित समूहहरुको प्रभावकारी भूमिका नभएको । |
| | महिला समन्वय समिति गठन नभएको र महिला विकासको लागि तय भएको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन नहुने गरेको । |
| | रामेछाप नगरपालिकामा लैङ्गिक डेस्कको स्थापना कर्मचारी ब्यवस्थापन गरी कार्यविवरण समेत उपलब्ध गराउनु पर्ने । |
| स्थानीय स्वायत्त शासन ऐन, नियमावली तथा विभिन्न कार्यविधिहरुले ब्यबस्था गरेको स्थानहरुमा लक्षित वर्गहरुको सहभागिता हुने गरेको । | लाक्षित वर्गहरुको रामेछाप नगरपालिकाको योजना तर्जुमा प्रकृयामा सकृय सहभागिता हुनु पर्ने ।<br>नगरपालिकाले यस्ता वर्ग तथा समूहहरुलाई योजना ब्यवस्थापनका विभिन्न अवस्थाहरुमा सकृया सहभागिताको सुनिश्चितता गर्नु पर्ने । |

६. सुशासन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| **मन्थली** नगरपालिकाले सार्वजनिक सुनुवाई गर्ने गरेको । लक्षितबर्गलाई विनियोजित कार्यक्रम तथा वजेट विभिन्न माध्यमबाट सार्वजनिकीकरण हुने गरेको । | **मन्थली** नगरपालिका कार्यालयमा सूचना तथा अभिलेख केन्द्रको सुदृढिकरण र अध्यावधिक खण्डिकृत तथ्यांकको उपलब्धता हुनु पर्ने । |
| नगर विकास योजनाको बार्षिक समिक्षा बैठकमा लक्षित वर्गको सकृय उपस्थित हुने गरेको । | |
| नगरपालिकाले आफ्नो क्षेत्र भित्रका लक्षित वर्ग तथा सेवाग्राहिहरुलाई दिने सेवा प्रवाहमा चुस्तता रहेको । | |
| सूचनाका साधनहरुको भरपूर उपयोग गरी नगरपालिकाका विभिन्न खाले सूचना लक्षित बर्ग लगायत सम्पूर्ण जनतामा प्रवाह गर्ने गरेको । | |
| नगरपालिका कार्यालयमा उपलब्ध नगर क्षेत्रको आर्थिक, सामाजिक तथा भौतिक सूचनाहरुलाई कम्प्यूटरकृत गरिएको । नगरपालिका क्षेत्र भित्रको | |

| | |
|---|---|
| पञ्जिकरणका सूचनाहरु अध्यावधिक रहेको | |
| नगरपालिका क्षेत्रका लक्षित बर्गहरुको चेतनामा अभिबृद्धि भएको । नगरपालिका क्षेत्रको विकास कार्यमा उनिहरुको सहभागितामा बृद्धी भएको । | |
| स्थानीय पत्रकारहरुद्वारा स्थानीयस्तरमा सूचना प्रवाहको ब्यवस्था भएको । | |

## ७. मानव संसाधन र सम्वन्ध विस्तार

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| योजना तर्जुमा गर्दा महिलाहरुको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफलसम्म चलाउने गरेको छ । | नगरपालिका क्षेत्र भित्र लैससास सम्बन्धि तालिम दिने प्रशिक्षक बनाउन नगरपालिकाका सामाजिक विकास शाखाका कर्मचारीहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम दिनु पर्ने । नगरपालिकामा एउटा मानव संसाधन विकास इकाई स्थापना हनुपर्ने । नगरक्षेत्र भित्रको स्रोत ब्यक्तिहरुको Roaster तयार गर्नुपर्ने । |
| | नगरपालिका क्षेत्रभित्रका सुरक्षित र सम्मानित रुपमा बैदेशिक रोजगारमा जाने महिलाहरुको लागि आवश्यक सिप विकास तालिमको ब्यवस्था हुनुपर्ने । |
| | नगरपालिका क्षेत्रभित्र लैससास प्रणालीलाई मजबुत र प्रभावकारी वनाउन अन्तर कार्यालय कार्यगत संयन्त्र तयार गर्नुपर्ने । यस्ता संयन्त्रका प्रतिनिधिहरुलाई पनि लैससास सम्बन्धि तालिमको ब्यवस्था गर्नुपर्ने । |
| | योजना तर्जुमा गर्दा महिलाको ब्यावहारिक र रणनैतिक आवश्यकता परिपूर्ति हुने खालका कार्यक्रम तर्जुमा गर्ने । |

## ८. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन

| सबल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु |
|---|---|
| नगरपालिका कार्यालयमा महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अवलम्बन गरिएको । | सहस्राब्दी विकास लक्ष्यलाई स्थानीयकरण गर्न लक्ष्य अनुसारको बजेटको ब्यवस्था गर्नुपर्ने |
| | BPFA मा भएको महिला र १२ क्षेत्रसँग सम्बन्धित प्रतिवद्धताको सन्दर्भमा जानकारी वा अभिमुखिकरण गर्नुपर्ने । |
| | CEADAW ले ब्यवस्था गरेको अवस्थाहरुको सुनिश्चितताको लागि कार्यक्रम तथा बजेट विनियोजन गर्नुपर्ने । |
| | नगरपालिका भित्र सवै वडाहरुलाई क्रमश लैङ्गिक हिंसा रहित वडा घोषणा गर्दै जानु पर्ने । |

| | |
|---|---|
| | बाल अधिकार महासन्धीलाई साकार पार्न बालवालिकाको क्षेत्रमा आवश्यक बजेट विनियोजन गर्नु पर्ने । |
| | नगरपालिका क्षेत्रभित्र विद्यमान जातीगत छुवाछुत र यस्तै कुरितिहरु हटाउन आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गर्नुपर्ने |
| | संयूक्त राष्ट्रसंघ सुरक्षा परिषदको निर्णय नं. १३२५ र १८२० को जानकारी तथा कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने । |

## लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परिक्षण बाट आएका प्रमुख प्राप्तीहरु

### (१) स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास

बार्षिक योजना निरन्तर रुपमा तर्जुमा हुने गरेको ।। महिला हिंसाको तत्काल सुनुवाई हुने गरेका । **मन्थली** नगरपालिकाले आगामी दिनमा कर्मचारी पदपूर्ति गर्दा समावेशी अवधारणा अवलम्बन गर्नुपर्ने । नगरपालिको विभिन्न समितिहरुमा पदाधिकारीहरु समावेशी प्रावधान अनुरुपको हुनुपर्ने ।

### (२) स्थानीय निकायको क्षमता विकास योजनामा लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण

**मन्थली** न.पा.का सामाजिक विकास साखाका कर्मचारीहरु तदर्थ किसिमले कार्य सम्पादन गर्दै आइरहेका । नगरपालिकाको विभिन्न कार्यक्रमहरु कार्यान्व्यन गर्ने सन्दर्भमा गठन भएका उपभोक्ता समितिहरुमा ३३ प्रतिशत् भन्दा बढी महिलाहरुको सहभागिता हुने गरेको । यसरी गठन भएका उपभोक्ता समितिका कार्यकारी तहका पदाधिकारीहरुलाई योजना कार्यान्वय तथा समग्र व्यवस्थापन सम्बन्धि तालिम प्रदान गर्ने गरेको । महिला तथा लक्षितबर्गको क्षमता विकासको लागि आवश्यक पर्ने तालिम सञ्चालनको लागि बजेट विनियोजन तथा तत् शिर्षकमा खर्च हुने गरेको । न.पा.का सामाजिक शाखाका कर्मचारीहरुलाई लैससास सम्बन्धि तालिम दिनु पर्ने अपरिहार्यता देखिएको । लैससास अवधारणा सम्बन्धि क्षमता विकासको लागि बजेटको व्यवस्था हुनु पर्ने । लैससास पदाधिकारीहरु समेत लाभान्वित हुने गरी प्रभावकारी क्षमता विकास कार्ययोजना तयारी भै लागू समेत हुनुपर्ने । लैससास बजेट परिक्षण आव ०७२/०७३ देखि मात्र सुरुभएकोले यसको निरन्तरता हुनु पर्ने ।

### (३) लक्षित कार्यक्रम

**मन्थली** नगरपालिकाले लक्षितबर्गहरुको आधारभूत सूचनाहरु संकलन गरेको । नगरपालिकाले आफ्नो बार्षिक तथा अन्य कार्यक्रमहरु तर्जुमा गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा

व्यवस्थापन कार्यविधि २०६८ ले निर्दिष्ट गरेको लक्षित समूहहरुसँग बसेर कार्यक्रम तर्जुमा हुने गरेको । **मन्थली** नगरपालिकाका योजनाहरु लक्षित वर्गहरुले तय गरेको योजनाका सुचिहरुबाट समावेश हुने गरेको । **मन्थली** नगरपालिकाले नेपाल सरकारको अनुदान विनियोजन गर्दा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६८ ले निर्दिष्ट गरेको लक्षित समूहरुको लागि ३५ प्रतिसत अंकलाई मान्य हुनेगरी विनियोजन गर्ने गरेको । नगरपालिकाका विभिन्न गतिविधिहरुका लक्षित समूहहरुको सकृया सहभागिता हुने गरेको । यस्ता गतिविधिहरु खास गरी लक्षित समूहहरुलाई प्रत्यक्ष लाभ हुने खालका भएको ।
संकलन गरेको सूचनाहरु खण्डिकृत हुनु पर्ने । सूचनाहरुलाई निश्चित समयावधि भित्र अध्यावधिक गर्नुपर्ने । नगरपालिकाले अनुदान बजेटको अतिरिक्त आफ्नो आन्तरिक आयको पूँजिगत बजेटबाट पनि ३५ प्रतिसत् अंकलाई मान्य हुनेगरी बजेट विनियोजन गर्नुपर्ने । **मन्थली** नगरपालिका भित्रका महिलाहरुको स्वास्थ सुधारको लागि Preventive तथा Curative दुवै खालका कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिनु पर्ने । **मन्थली** नगरपालिकाको योजनाबाट सत प्रतिशत् लक्षित बर्गहरु लाभान्वित हुने अवस्था शुनिश्चित हुनुपर्ने ।

## (४) लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन

**मन्थली** नगरपालिकाले आ.व. ०७२/०७३ देखि लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रणाली अवलम्बन गर्ने गरेको । नगरपालिकाको कार्यक्रम कार्यान्वयन गर्दा लक्षित समुदायको महिला तथा पुरुषहरुको सकृय सहभागिता हुने गरेको । उपभोक्ता समितिमा महिला तथा लक्षित बर्गको सहभागिता हुने गरेको । उपभोक्ता समितिको कार्यकारी पदमा कम्तिमा १ जना महिला अनिवार्य रहने गरेको । **मन्थली** नगरपालिकाले आफूले व्यवस्थापन गर्ने सम्पूर्ण कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक समाबेशी गरेर कार्यान्वयन गर्ने गरेको ।
नगरपालिकाले लक्षित समूहको छुट्टा छुट्टै अवस्था विश्लेषण गरी प्रत्येक लक्षित बर्गका आआफ्नै आवश्यकता र प्राथमिकता पहिचान गर्नुपर्ने । नगरपालिकाको अनुगमन समितिमा ३३ प्रतिसत् महिलाको सहभागिता सुनिश्चित गर्नुपर्ने । कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्दा कार्यक्रमबाट लक्षित वर्गले प्राप्त गरेको लाभ र ती वर्गहरुमा कार्यक्रमले पारेको असर र प्रभावको लेखाजोखा तथा विश्लेषण हुनु पर्ने । अनुगमन तथा मूल्यांकनबाट प्राप्त भएका ठम्याईहरुलाई ( Findings) आगामी कार्यक्रमहरुमा लागु गर्नुपर्ने । **मन्थली** नगरपालिको वार्षिक योजनाको कार्यान्वयन पश्चात यी योजना तथा कार्यक्रमरुले लैङ्गिक विकासमा दिएको योगदानको अनुगमन तथा मूल्यांकन हुनुपर्ने ।

## (५) आन्तरिक संरचना

स्थानीय विकास मंन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट हुने लक्षित वर्गहरुको नगर समन्वय समितिमा महिला पदाधिकारीहरुको निर्देशिकाले व्यवस्था गरे अनुरुप सहभागिता रहने गरेको । **मन्थली** नगरपालिकामा महिला तथा बालवालिका विशेष कोषको स्थापना भई लक्षित समूहरुको लागि बजेट तथा कार्यक्रमहरु तर्जुमा हुने गरेको । नगरपालिकाको लेखा पद्धति कम्प्यूटराइज्ड प्रणालीबाट हुने गरेको । **मन्थली** नगरपालिकामा लैङ्गिक समानता सामाजिक समावेशी कार्यान्वयन समिति गठन

भएको । स्थानीय स्वायत्त शासन ऐन, नियमावली तथा विभिन्न कार्यविधिहरुले ब्यबस्था गरेको स्थानहरुमा लक्षित वर्गहरुको सहभागिता हुने गरेको ।

**मन्थली** नगरपालिकाको कार्यक्रम अनुगमन तथा मूल्यांकनमा लक्षित समूहहरुको प्रभावकारी भूमिका नभएको । महिला समन्वय समिति गठन नभएको र महिला विकासको लागि तय भएको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन नहुने गरेको । **मन्थली** नगरपालिकामा लैङ्गिक डेस्कको स्थापना कर्मचारी व्यवस्थापन गरी कार्यविवरण समेत उपलब्ध गराउनु पर्ने । लाक्षित वर्गहरुको **मन्थली** नगरपालिकाको योजना तर्जुमा प्रकृयामा सकृय सहभागिता हुनु पर्ने ।
नगरपालिकाले यस्ता वर्ग तथा समूहहरुलाई योजना ब्यवस्थापनका विभिन्न अवस्थाहरुमा सकृया सहभागिताको सुनिश्चितता गर्नु पर्ने ।

## (६) सुशासन

**मन्थली** नगरपालिकाले सार्वजनिक सुनुवाई गर्ने गरेको । लक्षितबर्गलाई विनियोजित कार्यक्रम तथा वजेट विभिन्न माध्यमबाट सार्वजनिकीकरण हुने गरेको । नगर विकास योजनाको बार्षिक समिक्षा बैठकमा लक्षित वर्गको सकृय उपस्थित हुने गरेको । नगरपालिकाले आफ्नो क्षेत्र भित्रका लक्षित वर्ग तथा सेवाग्राहिहरुलाई दिने सेवा प्रवाहमा चुस्तता रहेको । सूचनाका साधनहरुको भरपूर उपयोग गरी नगरपालिकाका विभिन्न खाले सूचना लक्षित बर्ग लगायत सम्पूर्ण जनतामा प्रवाह गर्ने गरेको । नगरपालिका कार्यालयमा उपलब्ध नगर क्षेत्रको आर्थिक, सामाजिक तथा भौतिक सूचनाहरुलाई कम्प्यूटरकृत गनुपर्ने । नगरपालिका क्षेत्र भित्रको पञ्जिकरणका सूचनाहरु अध्यावधिक रहेको । नगरपालिका क्षेत्रका लक्षित बर्गहरुको चेतनामा अभिबृद्धि भएको । नगरपालिका क्षेत्रको विकास कार्यमा उनिहरुको सहभागितामा बृद्धी भएको । स्थानीय पत्रकारहरुद्वारा स्थानीयस्तरमा सूचना प्रवाहको ब्यवस्था भएको ।

**मन्थली** नगरपालिका कार्यालयमा सूचना तथा अभिलेख केन्द्रको सुदृढिकरण र अध्यावधिक खण्डिकृत तथ्यांकको उपलब्धता हुनु पर्ने ।

## (७) मानव संसाधन, सम्बन्ध विस्तार

नगरपालिका क्षेत्र भित्र लैससास सम्बन्धि तालिम दिने प्रशिक्षक बनाउन नगरपालिकाका सामाजिक विकास शाखाका कर्मचारीहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम दिनु पर्ने । नगरपालिकामा एउटा मानव संसाधन विकास इकाई स्थापना हनुपर्ने । नगरक्षेत्र भित्रको स्रोत ब्यक्तिहरुको Roaster तयार गर्नुपर्ने । नगरपालिका क्षेत्रभित्रका सुरक्षित र सम्मानित  रुपमा बैदेशिक रोजगारमा जाने महिलाहरुको लागि आवश्यक सिप विकास तालिमको ब्यवस्था हुनुपर्ने । नगरपालिका क्षेत्रभित्र लैससास प्रणालीलाई मजबुत र प्रभावकारी वनाउन अन्तर कार्यालय कार्यगत संयन्त्र तयार गर्नुपर्ने । यस्ता संयन्त्रका प्रतिनिधिहरुलाई पनि लैससास सम्बन्धि तालिमको ब्यवस्था गर्नुपर्ने । नगरपालिका क्षेत्रभित्र लैससास प्रणालीलाई मजबुत र प्रभावकारी वनाउन अन्तर कार्यालय कार्यगत संयन्त्र तयार गर्नुपर्ने । यस्ता संयन्त्रका प्रतिनिधिहरुलाई पनि लैससास सम्बन्धि तालिमको ब्यवस्था गर्नुपर्ने । योजना तर्जुमा गर्दा महिलाको ब्यावहारिक र रणनैतिक आवश्यकता परिपूर्ति हुने खालका कार्यक्रम तर्जुमा गर्ने ।

## (८) नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिबद्धता

**मन्थली** नगरपालिकामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन हुने गरेको । नगरपालिका कार्यालयमा महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अवलम्बन गरिएको । सहस्राब्दी विकास लक्ष्यलाई स्थानीयकरण गर्न लक्ष्य अनुसारको बजेटको ब्यवस्था गर्नुपर्ने । BPFA मा भएको महिला र १२ क्षेत्रसँग सम्बन्धित प्रतिवद्धताको सन्दर्भमा जानकारी वा अभिमुखिकरण गर्नुपर्ने । CEADAW ले ब्यवस्था गरेको अवस्थाहरुको सुनिश्चिततताको लागि कार्यक्रम तथा बजेट विनियोजन गर्नुपर्ने । नगरपालिका भित्र सवै वडाहरुलाई क्रमश लैङ्गिक हिंसा रहित वडा घोषणा गर्दै जानु पर्ने । नगरपालिका भित्र सवै वडाहरुलाई क्रमश लैङ्गिक हिंसा रहित वडा घोषणा गर्दै जानु पर्ने । बाल अधिकार महासन्धीलाई साकार पार्न बालवालिकाको क्षेत्रमा आवश्यक बजेट विनियोजन गर्नु पर्ने । नगरपालिका क्षेत्रभित्र विद्यमान जातीगत छुवाछुत र यस्तै कुरितिहरु हटाउन आवश्यक कार्यक्रम तथा बजेटको ब्यवस्था गर्नुपर्ने । संयूक्त राष्ट्रसंघ सुरक्षा परिषदको निर्णय नं. १३२५ र १८२० को जानकारी तथा कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने ।

# लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

### (१) स्थानीय निकायको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| कर्मचारी पदपूर्ती प्रकृयामा समावेशी नीति अवलम्बन गर्ने | विनियमावलीको तयारी गर्ने | ३ महिना | १०,००० | **मन्थली** नगरपालिका |
| लैससास कार्यान्वयन समिति कृयाशील बनाउने | लैससास कार्यान्वयन समितिको बैठक निरन्तर राख्ने | निरन्तर | – | सामाजिक विकास शाखा |

### (२) स्थानीय निकायको क्षमता विकास योजनामा लैंङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी कार्यक्रमको मूलप्रवाहीकरण

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरपालिका वडाका विभिन्न नेतृत्वबर्गहरुमा लैससास सम्बन्धि अवधारणामा | सामाजिक विकास शाखाका कर्मचारीहरुलाई लैससास सम्बन्धी प्रशिक्षक प्रशिक्षण | २०७३ भाद्र | १,००,००० | **मन्थली** नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| अभिबृद्धी गर्ने | दिने | | | |
| | लैससास क्षमता विकास बजेटको विनियोजन तथा खर्च समेतको सुनिश्चितता गर्ने | निरन्तर | – | **मन्थली** नगरपालिका |
| | लैससास बजेट परीक्षणको निरन्तरता सुनिश्चितता गर्ने | निरन्तर | ५०,३०० | **मन्थली** नगरपालिका |

## ३. लक्षित कार्यक्रम

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| लक्षितवर्गको अवस्था तथा स्थितिको अध्यावधिक जानकारी गराउने र | नगरपालिकाको सूचना शाखामा लक्षितवर्गहरुको खण्डिकृत तथ्यांक अध्यावधिक गरि राख्ने । | निरन्तर | – | सामाजिक विकास साखा |
| लैससास सम्बन्धि योजना तथ्यांकमा आधारित हुने | हाल **मन्थली** नगरपालिकाका २ वटा वडामा सञ्चालित शहरी स्वास्थ क्लिनिकलाई क्रमशः सवै वडाहरुमा विस्तार गर्दै लैजाने | निरन्तर | साझेदार संस्थाको समन्वयमा | **मन्थली** नगरपालिका |

## (४) लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकन

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरपालिकाको योजना व्यवस्थापन चक्रमा लक्षितबर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने | नगरपालिकाको अनुगमन समितिमा ३३ प्रतिसत महिला सभागिताको सुनिश्चितता हुनेगरी अनुगमन तथा मुल्यांकन विनियमावली तयारी गर्ने | २०७३ भाद्र | १०,००० | मन्थली नगरपालिका |
| | एक आ.व.मा कुनै एक परियोजनाको प्रभाव मुल्यांकन गरी लक्षित वर्गमा योजनाले पारेको प्रभावको लेखाजोखा गर्ने । | २०७३ आश्विन | ३०,००० | तेश्रोपक्ष |

## ५. आन्तरिक संरचना

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरपालिकाको विभिन्न सार्वजनिक निर्णय गर्ने स्थानमा लक्षित वर्गहरुको अर्थपूर्ण तथा सुसुचित सहभागिता सुनिश्चित गर्ने | लक्षितवर्गहरुको सहभागिता अभिबृद्धि गराउन नेपालको सम्बधानका मौलिक हक लगायत स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ लगायत स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन | २०७३ आश्विन | १०,००० | सामाजिक विकास साखा |

| | | | | |
|---|---|---|---|---|
| | कार्यविधि २०६८ मा भएका विविध सान्दर्भिक प्रावधानका वारेमा अभिमुखिकरण गर्ने । | | | |
| नगरपालिकामा लैससास गतिविधिहरु सँग सम्बन्धित विविध कार्य गर्न संस्थागत संयन्त्रको विकास गर्ने | लैससास फोकल डेस्कको स्थापना र कार्यविवरण तयारी | २०७३ फाल्गुण | – | **मन्थली** नगरपालिका |

## ६. सुशासन

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| नगरपालिकामा सूचना तथा अभिलेखको संस्थागत विकास गर्ने र तदनुरुप सूचनाको तादाम्यता सुनिश्चित गर्ने | विद्यमान सूचना तथा अभिलेख केन्द्रको सुदृढीकरण गर्ने | २०७३ आश्विन | ३०,००० | **मन्थली** नगरपालिका |
| | नगरपालिका क्षेत्रभित्र विभिन्न निकायहरुले प्रयोग गर्ने सूचनामा Uniformity कायम गर्ने | निरन्तर | – | **मन्थली** नगरपालिका |

## ७. मानव संसाधन र सम्वन्ध विस्तार

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| लैससास सम्बन्धि विज्ञको उपलब्धता शुनिश्चित गर्ने | नगरपालिका क्षेत्रभित्र लैससास विज्ञहरुको Roaster तयार गर्ने | २०७३कार्तिक | ५००० | सामाजिक विकास साखा |
| नगरपालिका क्षेत्र | वैदेशिक | निरन्तर | – | **मन्थली** |

| | | | | |
|---|---|---|---|---|
| भित्रबाट वैदेशिक रोजगारमा जाने महिलाहरुको रोजगारी सुरक्षित र सम्मानित वनाउने | रोजगारमा जाने महिलाहरुको लागि परामर्श अनिवार्य गराउने र सामान्य सिप उपलब्ध गराउने | | | नगरपालिका |
| लैसाससको लागि नगरपालिका क्षेत्रमा Synergy कायम गराउने | नगरपालिका स्थित अन्तर सरकारी निकाय कार्यगत संयन्त्र वनाउने | निरन्तर २०७३ आश्विन | ५,००० | सामाजिक विकास साखा |
| नगरपालिकाका महिलाहरुको व्यवहारिक र रणनैतिक आवश्यकता परिपूर्तिका गर्ने | बार्षिक नगर विकास योजना तर्जुमा गर्दा महिलाहरुको ब्यवहारिक आवश्यकता पूर्तिका आयोजना तर्जुमा गर्ने र रणनीतिक आवश्यकता पूर्तिका लागि आवश्यक नीति तय गर्ने | २०७३ कार्तिक | – | मन्थली नगरपालिका |

## ८. नेपाल सरकारका लैङ्गिक तथा सामाजिक विकासका नीति र प्रतिवद्धताहरुको कार्यान्वयन

| उदेश्यहरु | क्रियाकलाप | समयावधि | बजेट | जिम्मेवारी |
|---|---|---|---|---|
| राष्ट्रिय अन्तर्राष्ट्रिय नीति तथा अभिसन्धीहरुका वारेमा जानकारी गराउने | BPFA मा भएको महिला र १२ क्षेत्रसँग सम्बन्धित प्रतिवद्धताको सन्दर्भमा जानकारी वा अभिमुखिकरण गर्ने । CEADAW ले ब्यवस्था गरेको | २०७३ मंसिर | १,५०,००० | सामाजिक विकास साखा |
| नगरपालिकामा विद्यमान सामाजिक कुरिती हटाउने | | | | |

| | | | | |
|---|---|---|---|---|
| | अवस्थाहरुको सुनिश्चिततताको लागि कार्यक्रम तथा बजेट विनियोजन गर्ने ।<br><br>नगरपालिका भित्र सवै वडाहरुलाई क्रमश लैङ्गिक हिंसा रहित वडा घोषणा गर्दै जाने ।<br><br>बाल अधिकार महासन्धीलाई साकार पार्न बालवालिकाको क्षेत्रमा आवश्यक बजेट विनियोजन गर्ने ।<br><br>नगरपालिका क्षेत्रभित्र विद्यमान जातीगत छुवाछुत र यस्तै कुरितिहरु हटाउन सहभोज आयोजना गर्ने ।<br><br>संयूक्त राष्ट्रसंघ सुरक्षा परिषदको निर्णय नं. १३२५ र १८२० को जानकारी गराउने । | | | |